ICIMOD

FOR MOUNTAINS AND PEOPLE



# पर्वतीय समुदायलाई भूमण्डलीय परिवर्तनका चुनौतिहरुको सामना गर्न सहयोग र साहस प्रदान गर्ने उपक्रम

जलवायु परिवर्तनको प्रभाव अहिले नै हिमालय क्षेत्रमा प्राकृतिक आपदहरुको रुपमा देखिन थालिएको छ । के कुरा बढ्दो रुपमा प्रष्ट छ भने यस क्षेत्रका निवासीहरुको जीवन खतरामा छ । पानीको उपलव्धता, प्राकृतिक वनस्पति र वातावरणको स्वच्छता दिन पर दिन बढ्दो रुपमा समस्याग्रस्त भैरहेको छ । अहिले के आवश्यक छ भने, अन्तर्राष्ट्रिय संस्थाहरुले सुझाएका रोकथामका उपायहरु बाहेक हिमाली क्षेत्रका निवासीहरुलाई यी समस्याहरुको सामना गर्न साहस बढाउने अल्प अवधिको योजना बनाउनु जरुरी छ ।

## सोच र लक्ष्य

इसिमोडको सोच के हो भने बृहत् हिमालय क्षेत्रका जनसमुदायले भूमण्डलीय परिवर्तनमा सहनशील तरीकाले उन्नत जीवनको आनन्द लिन सकून् भन्ने नै हो । यसको लक्ष्य हो हिन्दू कुश-हिमालयका वासिन्दाहरुलाई समान रुपले जीवनयापन गर्न सुविधा र योग्यता प्रदान गर्न सक्रीय क्षेत्रीय सहयोगद्वारा पर्वतीय विकास गर्ने ।

## वर्तमान कार्यरूप

तिन वटा योजनाबद्ध क्षेत्रहरु जस्तै - पानी, वातावरणीय सेवा, र जीविकोपार्जनलाई - इसिमोडले यसका क्षेत्रीय देशहरु (अफगानिस्तान, बङ्गलादेश, भूटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तान) र यसका सहयोगीहरुसंग बृहत परामर्श गरी निर्धारण गरिएको छ । यसले गर्दा योजना कार्यान्वयनको क्षेत्रमा प्रमुखतालाई छुट्याई उपलव्ध आर्थिक, मानविक र संस्थागत स्रोतहरुलाई सक्रीय बनाउने छ । इसिमोडको उद्देश्य क्षेत्रीय जनतालाई फाईदा पुऱ्याउने हो, तर यसको दूरगामी फाईदा तल्लो निवासी लाखौं-करोडौं मानिस र अन्तमा विश्वका समस्त मानवहरुलाई प्राप्त हुनेछ ।

## जल र यसका आपदहरू

जल संरक्षण, यसको दीर्घ रुपमा कायम रहन सक्ने व्यवस्थापन, तथा भविष्यमा हुने उपयोगको सही योजना हिमाली जनताका लागि अत्यन्त महत्वपूर्ण हुनुका साथै यस क्षेत्रको लागि मात्र नभै यस बाहिरका इलाकाहरुमा पनि प्रभावकारी हुन्छ । जल सम्पदाको प्रमुख स्रोत मात्र होइन, दैवी आपदको पनि स्रोत हो । इसिमोडको एकीकृत योजनाको उद्देश्य बृहत् पर्वतीय वातावरणको संरक्षणमा जललाई एउटा प्रमुख तत्वको रुपमा स्थापित गर्न सहयोग पुऱ्याउने हो, जस अन्तर्गत जीवन-यापन गर्न जल र जमीनको उपयोग गर्ने, आपदहरु घटाउने, मानव स्वास्थ्य, र वातावरण संरक्षण आदि पर्छन् । इसिमोडले बरफ र जल स्रोतको जानकारी र अनुमान गर्ने काम गर्छ, सामुदायिक सुरक्षा र दैवी आपदलाई कम गर्ने, र तल्लो र माथिल्लो जलाधारको फाईदाको सुनिश्चितता, र आपद व्यवस्थापनबारे सूचना र सहायता प्रदान गर्छ ।

## पर्यावरण सेवा

वातावरण परिवर्तनले पर्वतीय क्षेत्रको गरीबी झन् बढाई दिएको छ । मैदानी इलाकाको भन्दा पर्वतीय क्षेत्रको जीवन वातावरण परिवर्तन र आर्थिक कारणले बढी प्रभावित हुन्छ । तिनीहरु प्राकृतिक स्रोत बढी प्रभावित र संलग्न हुन्छन् । इसिमोडले संबन्धित क्षेत्रमा उपलव्ध पर्यावरण सेवाको सम्वर्धन र व्यवस्थापनमा सहयोग गर्छ तथा पर्वतीय क्षेत्रको भूमि उपयोगको जल र कार्बन नियन्त्रणको कानूनी मान्यता प्रदान गर्नुका साथै वानस्पतिक विभिन्नता र प्राकृतिक सम्पदाको संरक्षण गरी क्षेत्रको जनताको सहयोग गर्छ । केन्द्रले एकीकृत जलाधार व्यवस्थापन, चरनभूमिको, र सामुदायिक पशुपालन र वन उपयोगको व्यवस्थापनमा बढावा दिन्छ ।

विशाल हिमाली क्षेत्रका ६०% भूमि चरनभूमि हो, जून क्षण र मरुभूमिकरणको चपेटामा छन् ।

जलाधार क्षेत्रमा नवीन उपायहरुको खोजी गरी खाद्यान्न सुरक्षाको विषयमा अध्ययन गरिंदैछ ।





भू-आधारित समस्या समाधान तर्फ समान भौगोलिक तथ्यांकहरुको आधारमा सामाजिक, आर्थिक र वातावरणीय स्तरमा एकीकृत कदम चालिएको छ ।

सूचना संचारको आदान-प्रदान विभिन्न किसिमः तालीम, गोष्ठी, पुस्तकहरु, सूचनात्मक किताब, अन-लाइन प्रकाशन र अन्य धेरै प्रकारबाट गरिन्छ ।

## सुरक्षित जीवन यापन

केही वर्षदेखि आर्थिक प्रगति, बसाई-सराई प्रणाली र जलवायु परिवर्तन यति द्रुत गतिले भैरहेको छ कि, पारस्परिक व्यवहार तरीकाहरुले आफ्नो प्रभाव गुमाउँदैछन् । यसको परिणामस्वरुप पर्वतीय क्षेत्र उपेक्षित र गरीब हुन पुग्यो । यस क्षेत्रका जनतालाई अनुमान गरि हेर्दा यस्ता परिवर्तनको सामना गर्न, अभ्यस्त हुन र लाभ उठाउन सक्षम बनाउनु पर्छ  जसले गर्दा बदलिंदो सामाजिक र वातावरणीय सुरक्षाका साथै उन्नत जीवनयापनको सुविधा पाउन सकुन् । इसिमोडले गरीबी अवस्था र यसका कारणहरुको विश्लेषण तथा योजनामूलक तथ्यहरुको विकास खासगरी उच्चस्तरको उत्पादन र मूल्यश्रृंखला, नवीन जीवन-यापनको उपायको खोजी र आर्थिक विश्लेषण गर्दछ । केन्द्रले गरीबी हटाउन समुचित आय स्रोतको बृद्धि गर्ने उपायहरु परिचालन गरी सामाजिक, आर्थिक र वातावरणीय परिवर्तनको प्रभावलाई सहन गर्ने क्षमताको विकास गर्न मद्दत गर्छ ।

## सूचना (जानकारी) प्रबर्धन

इसिमोड सूचना (जानकारी) विकास र सिक्ने केन्द्र हो र यसले तथ्यांक संकलन केन्द्रको रुपमा काम गर्छ । यसले तालीम र प्रायोगिक अन्वेषणको मुख्य केन्द्र र वैज्ञानिक तथा प्राविधिक विषयका सल्लाह केन्द्रको रुपमा पनि काम गर्छ । इसिमोडका क्रियाकलापहरु एकीकृत सूचना प्रबन्धका आधारमा निर्भर हुन्छन् । जसले इसिमोडका कार्यक्रमहरुमा सहयोग र आधार-प्रदान गर्नुका साथै अन्य सहयोगीहरुबीच जानकारी र सूचनाको आदान-प्रदान गर्छ । विशेष जोड संचार आदान-प्रदानमा दिइन्छ, जो एउटा एकीकृत सूचना प्रबर्धन प्रणाली, भू-सूचना र निर्णय आधारित प्रणाली र ICT प्रणाली व्यवस्थापन र क्षमता विकास गर्ने केन्द्र पनि हो । अन्तर्राष्ट्रिय ज्ञानलाई क्षेत्रीय आवश्यकताको पूर्ति गर्ने तरिकाले रुपान्तरीत गरिन्छ । ज्ञान र सूचना बाँड्ने कार्य इसिमोडको मुख्य ध्येय हो जसले क्षेत्रीय स्तरमा योजनाविद्हरु, विशिष्ट प्रबन्धकहरु र योजना कार्यान्वयन गर्नेहरुका साथै ज्ञान र विविध पक्षमा विचार-विमर्शको आदान-प्रदान गर्छ ।

इसिमोड माहुरी पालन र माहुरी उत्पादनहरु तथा औषधीय र सुगन्धी वनस्पतिहरुको क्षेत्रमा विशिष्टता राख्दछ, जो यस क्षेत्रका लागि अत्यन्त महत्वपूर्ण छ ।

वातावरण पर्यटन र, उच्चस्तरका उत्पादनहरु जीवन-यापनका नयाँ र सफल मापदण्ड सिद्ध भैरहेछन् ।





पर्वतीय जनताद्वारा प्रदान गरिएको  पर्यावरण-सेवाहरुले गर्दा तल्लो क्षेत्रका निवासीहरुलाई पुऱ्याएको फाईदाबारे उचित सम्मान दिनुपर्छ ।

वायु, जल र बरफ/हिउँ सम्बन्धी स्रोतहरुको जानकारीले गर्दा आपद व्यवस्थापनमा सहयोग पुग्दछ ।




हिन्दू कुश-हिमालय क्षेत्रलाई यसको दूर्गम इलाका र पानी बरफको संचयनले गर्दा पृथ्वीको तेस्रो ध्रुव भन्छन् । यसलाई एशियाको “जल-धरहरा” पनि भनिन्छ, जो कि यसका दश मुख्य ठूला नदीहरुको उद्गमस्थल हो । नक्शामा पर्वतीय श्रृंखलाहरु र मुख्य नदी घाटीहरु दर्शाइएको छ ।





# इसिमोडको बारेमा

सन् १९८३ मा स्थापित इसिमोड काठमाडौ (नेपाल) मा स्थापित एउटा गैरसरकारी अन्तर्राष्ट्रिय संस्था हो । यसले हिन्दू कुश-हिमालय क्षेत्रका आठ देशहरुमा आफ्नो सेवा पुऱ्याउंछ । यसले एउटा स्वस्थ आर्थिक र पर्वतीय पर्यावरणीय प्रणालीको विकास गर्ने तर्फ काम गर्दछ ।

पर्वतीय क्षेत्रका जनताको जीवनस्तर उकास्न अहिले र संधैका लागि २५ बर्षदेखि इसिमोड ज्ञान बिकास र सिक्ने केन्द्रको रुपमा काम गर्दैछ - जसको उद्देश्य हो हिमालयको विशिष्ट भूमिकाबारे जानकारी दिलाउने, जागरुक गराउने र संचित राख्ने । इसिमोडले यस क्षेत्रमा लामो समयसम्म गरेको काम, यसका विशिष्ट कार्यपद्धति र विशिष्ट स्थिति, प्रतियोगात्मक उपलब्धिले गर्दा यसलाई हिमालय क्षेत्रका नयाँ चुनौतिहरुको सामना गर्न सहायता गर्ने महत्वपूर्ण माध्यम बनाइ दिएको छ । यसको वहुआयामिक पद्धतिले आर्थिक विश्लेषण, जाति र लैङ्गिक र न्यायिक-मुख्यधारा, समन्वीकरण तथा सुशासन संबन्धी नीतिहरु समग्र समाधानको अभिन्न अङ्ग रहेको इङ्गित गर्दछ ।

# हाम्रा सहयोगीहरू

इसिमोडका सहयोगीहरु क्षेत्रीय सदस्य देशहरुका संघ-संस्थाहरु हुन् जो विकास-प्रबंधकहरु, योजनाविद् र समर्थकहरुसंग विचार-विमर्श गर्छन् । यिनीहरु बीच आदान-प्रदान भएको विचारहरुले गर्दा परिस्थिति अनुसार योजना कार्यान्वयनमा निरन्तर रुपमा सुधार गरिन्छ । इसिमोडले आफ्नो क्षेत्रबाहिरका विशिष्टता प्राप्त संघ-संस्था र केन्द्रहरुसंग विशेष रुपमा तकनिकी क्षेत्रमा उपलब्धिका लागि दीर्घकालीन सम्बन्ध राख्दछ । इसिमोडका आर्थिक दाताहरु यसका आर्थिक सहयोगी हुन्, किनभने यस क्षेत्रमा भएको विकासले क्षेत्रीय जनतालाई मात्र नभई बृहत्तर भूमण्डलीय समुदायलाई पनि फाइदा पुऱ्याउँछ ।

# वित्तीय कोष

इसिमोड दिर्घकालिक दाताहरुद्धारा वित्तीय सहयोग प्राप्त गर्छ जसद्वारा केन्द्र संचालन र कार्यक्रम-संचालनका लागि आवश्यक कोष प्राप्त हुन्छ । यी सहयोगीहरु अन्तर्गत क्षेत्रीय सदस्य देशहरु, गैर-क्षेत्रीय वित्तीय सहयोगीहरु हुन्छन् जसले इसिमोडको उद्देश्यको समर्थन गर्छन् । विशेष कार्यक्रमहरु अन्य सरकारी र नीजि, क्षेत्रीय र अन्तर्राष्ट्रिय दाताहरुको सहयोगले संचालित हुन्छन् । जुन कार्यक्रम सुव्यवस्थित योजनाको रुपमा हुन्छन् त्यस्ता कार्यक्रमलाई बढावा दिन त्यही क्षेत्रीय सदस्य देशद्वारा वित्तपोषित हुन्छन् । सरकारी र निजी दाताहरु इसिमोड फाउण्डेशन मार्फत् आफ्नो सहयोगराशि प्रदान गर्न सक्छन् । (www.icimodfoundation.org)

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र
पोष्ट बक्स नं. ३२२६, काठमाण्डौं, नेपाल
खुमलटार, ललितपुर, नेपाल
फोन: १-५००३२२२
email: info@icimod.org
www.icimod.org